# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौं

मिति: २०८२।१०।०७ गते।

# प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

विशेष अदातलमा दर्ता भएको मुद्दा नं. ०८१-CR-०११६ मा वादी नेपाल सरकार प्रतिवादी राम बाबु महतो भन्ने राम बाबु महतो कोइरी भएको गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको मुद्दामा **सरकारी साक्षी जीवराज पोखरेलले** विशेष अदालतसमक्ष बकपत्र गर्दा आयोगमा गरेको बयान भन्दा व्यहोरा तथा तथ्यसमेत फरक हुने गरी प्रतिकूल बकपत्र गरेकोले निज उपर अनुसन्धान हुन भन्नेसमेत व्यहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा प्रतिवादी राम बाबु महतो भन्ने राम बाबु महतो कोइरीसमेत भएको विशेष अदालत, काठमाडौंमा दर्ता भएको गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको मूल मुद्दा (मुद्दा नं. ०८१-CR-०११६) मा सरकारी साक्षीको रुपमा पेस गरिएका जिल्ला महोत्तरी, बर्दिवास नगरपालिका वडा नं. ६ बस्ने जिवराज पोखरेलले श्रीमती सावित्री पोखरेलको नाममा रहेको जिल्ला धनुषा, हरिहरपुर, वडा नं. १ को कि.नं. २६१५ र १६०१, क्षेत्रफलको जग्गा मालपोत कार्यालय, धनुषाको मिति २०७२/१०/११ को रजिष्ट्रेशन लिखत अनुसार मिति २०७२/१०/११ मा प्रतिवादी राम बाबु महतो भन्ने राम बाबु महतो कोइरीको श्रीमती माला कुमारी महतोको नाममा रजिष्ट्रेशन पास गर्दा सावित्री पोखरेलसँग रु.२५,००,०००।- मा रजिष्ट्रेशन लिखतमा थैली अंक राखी पारित भएकोमा वास्तविक कारोबार मूल्य रु.५२,२३,०००।—भएको भनी निजले उक्त मुद्दाको अनुसन्धानको क्रममा सहयोग गरी सत्य तथ्य बताई जग्गा बिक्री वापत निजले रु.५२,२३,०००।- रकम आफ्नै नामको बैंक खातामा प्राप्त गरेको सवूद प्रमाणबाट समेत देखिएकोले निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५५ बमोजिम सजायमा पूर्ण छुट दिई तत्कालीन अवस्थामा प्रतिवादी कायम नगरी सरकारी साक्षीको रुपमा पेश गरिएकोमा निजले विशेष अदालत, काठमाडौंमा उपस्थित भई मिति २०८२।०८।१५ गतेका दिन बकपत्र गर्दा आयोगमा गरेको वयान प्रतिकूल हुने गरी बकपत्र ब्यहोरा लेखाएको पुष्टी हुन आएको हुँदा निज प्रतिवादी जीवराज पोखरेलको बैंक खातामा जम्मा भएको बैंक स्टेटमेन्टबाट देखिएको रु.५२,२३,०००।- बाट रजिष्ट्रेशन लिखतमा उल्लिखित थैली अंक रु.२५,००,०००।- घटाउँदा कायम हुने रु.२७,२३,०००।- को कारोबारलाई लुकाई छिपाई आपसी मिलेमतोमा मूल मुद्दाका प्रतिवादी राम बाबु महतो भन्ने राम बाबु महतो कोइरीलाई गैरकानूनी सम्पत्ति आर्जन गर्न सहयोग पुऱ्याएको कार्य कसुर (ACTUS REUS) पुष्टि भएकोले उक्त कार्य मुद्दा नं.०८१-CR-०११६ को मुद्दामा मुख्य कसूरदार प्रतिवादी राम बाबु महतो भन्ने राम बाबु महतो कोइरीले गरेको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) बमोजिमको कसूरजन्य कार्यको मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसूर गरेको हुँदा निज प्रतिवादी जीवराज पोखरेललाई बिगो रु.२७,२३,०००।०० (सत्ताइस लाख तेइस हजार रुपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिम जरिवाना र कैदको सजाय हुन मागदाबी लिई आज बिशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता
सुरेश न्यौपाने